मिति : २०८१/१/ १८ गते (मंगलबार) स्थान : पोखरा म.न.पा.को सभाकक्ष

बैठक संख्या : २९ समय : दिनको : २ : ०० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक पोखरा पोखरा महानगरपालिका कार्यालयको सभाकक्षमा तपसिलको बमोजिमा उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो।

उपस्थिति :

| सि.नं. | पद | वडा नं. | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ्ग | |
| ३ | सचिव | प्र.प्र.अ. | श्री श्याम कृष्ण थापा | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बाँस्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | **कार्यपालिका सचिवालय** | | | |
| ४५ | | प्रशासन महाशाखा प्रमुख | श्री कृष्ण प्रसाद तिवारी | |
| ४६ | | सूचना प्रविधि अधिकृत | श्री अशोक द्धारे | |
| | | | | |

# पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

## २९ औं कार्यपालिका बैठक (२०८१/०१/१८) का निर्णयहरु

**निर्णय नं. १ :** पोखरा महानगरपालिकाको नगर कार्यपालिका बैठक नं. २८ बाट भएका निर्णयहरु सम्बन्धमा छलफल भयो ।

**निर्णय नं. २ :** पोखरा महानगरपालिकाको विधायन समितिबाट सिफारिस भै आएका तपशिल बमोजिमका कार्यविधिहरुका सम्बन्धमा छलफल हुँदा विधायन समितिबाट अध्ययन गरी अर्को बैठकमा पेश गर्ने निर्णय भयो ।

**तपशिल**

क. राष्ट्रिय विभूति पार्क कार्यविधि, २०८१ ।

ख. स्वयंसेवक (ईन्टर्न)परिचालन कार्यविधि, २०८० ।

**निर्णय नं. ३ :** कार्यपालिका समक्ष वित्त महाशाखा प्रमुखबाट प्रस्तुत भएको चालु आ.व. २०८०/८१ को बजेट र हालसम्म भएको खर्चको अवस्था तथा आ.व २०८१/८२ को बजेट स्रोत अनुमान सम्बन्धी विवरण र राजश्व परामर्श समितिबाट राजश्वको स्रोतगत विवरण सहित आन्तरिक स्रोतबाट प्राप्त हुन सक्ने रकम एकिन भएपछि बजेट स्रोत अनुमान समितिबाट बजेट स्रोत रकम एकिन गरी कार्पालिकाको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** पोखरा महानगरपालिका वडा नं ९,१० र ११ को सिमाना स्थित रामघाटबाट नदीजन्य निर्माण सामाग्री उत्खनन्, घाटगद्दी र विक्री गर्ने सम्बन्धमा ड्रोनद्वारा रामघाट क्षेत्रको वस्तुस्थिति देखिने गरी भिडियो तयार गरी महानगर तथा जिल्ला स्थित राजनीतिक दल, जिल्ला प्रशासन कार्यालय कास्की, पोखरा स्थित अ.दु.अ.आयोगको कार्यालय, जिल्ला प्रहरी कार्यालय कास्कीसँगको समन्वयमा मेशिन प्रयोग गरी निर्माण सामाग्री उत्खनन् गर्ने, महानगरबाट तोकिएको स्थानमा घाटगद्दी गर्ने र विक्री गर्ने सम्बन्धमा वडा नं ९,१० र ११ का वडा अध्यक्षज्यूहरुले आवश्यक सहजीकरण गर्ने ।

**निर्णय नं. ५ :** साझा सेवा सहकारी संस्था लिमिटेडबाट ५००० कित्ता शेयर सहित सदस्यता लिन अनुरोध भएकोमा प्रति शेयर रु १०० का दरले ५००० कित्ता शेयर बराबर हुने रकम रु ५००००० को शेयर खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** कार्यपालिका समक्ष पेश हुन आएका शिक्षा समितिका निर्णयहरु छलफल पश्चात् अनुमोदन गर्ने निर्णय गरियो । विध्यालयलाई गरिने परिपत्रमा केही थपघट गर्नु पर्ने भए लिखित सुझाव पेश गर्न ७ दिनको समय तोक्ने निर्णय भयो ।

**निर्णय नं. ७** : पोखरा विश्वविद्यालय, पृथ्वी नारायण क्याम्पस, कालिका बहुमुखी क्याम्पस र जनप्रिय बहुमुखी क्याम्पसमा वाणिज्यशास्त्रतर्फ स्नातक तथा स्नातकोत्तर तहमा अध्ययतरत विद्यार्थीहरुलाई महानगरको स्वयमसेवक परिचालन कार्यविधि, २०८० बमोजिम सुविधा उपलब्ध गराउने गरी जम्मा १४८ जना विद्यार्थीहरुलाई G TO G सम्झौता गरी विद्यार्थीहरुलाई कर संकलन, व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी अभिमुखीकरण तालिम दिएर कम्तिमा ६ महिना काममा लगाउने र सो को लागि आवश्यक रकम उपयुक्त शिर्षकबाट रकमान्तर गर्ने ।

**निर्णय नं. ८** : जष्ट इन टाइम कन्स्ट्रक्सन प्रा.लिले महानगरपालिकामा तिर्नु बुझाउनुपर्ने / दाखिला गर्नुपर्ने राजश्व तथा जरिवाना रकम नबुझाएको कारण उक्त कम्पनीका धनी श्री सुरेन्द्र बहादुर बस्नेतको बुबा श्री गिरी बहादुर बस्नेतको नाउमा रहेको कि.न. ३०१५, ६५७०, ६५८०, ६५८४, ७११९, ३१२९, ३०१०, ३०२२, ६०१९, ६१००, ६२३३, ६२७८, ६५६७, ८०८९, ५४७, ६८०४, ३०१७ र ६५३५ का जग्गाहरु यस कार्यालयबाट मालपोत कार्यालय/ पोखरा लेखनाथ मा रोक्का राखिएकोमा निजबाट कार्यालयमा दाखिला हुनुपर्ने रकमका सम्बन्धमा छानविन गर्न गठित समितिबाट प्रस्तुत प्रतिवेदनका आधारमा फोहोरमैला संकलन बापत जम्मा गरेको रकम रु ८९,७३,६८०।- को सम्झौता बमोजिमको २०% ले हुन आउने रकम रु. १७९४७३६/- र बहाल आय बापत असुल गर्नुपर्ने बाँकी बहाल आय र सो को व्याज समेत गरी २०८० फाल्गुण मसान्त सम्म हुन आउने बक्यौता रकम रु १,०९,०६५।- गरी असुल गर्नुपर्ने जम्मा रकम रु १९०३८०१/- महानगरमा दाखिला गर्नुपर्ने देखिएकोले रु. १९०३८०१/- को ३ गुणाले हुन आउने मूल्याङ्कन रकम बराबरको कि. नं. ३०१०, ७११९ र १२८०० जग्गा रोक्का कायम राखि बाँकी जग्गा फुकुवाको लागि मालपोत कार्यालय लेखनाथमा लेखि पठाउने ।

**निर्णय नं. ९** : शसस्त्र प्रहरी बल नेपाल नं.२४ गण हे.क्वा.कालिका कास्कीको मिति २०८१/०१/१६ को पत्रबाट कास्की जिल्लामा हुने विभिन्न विपदमा तत्काल परिचालन भई प्रभावकारी उद्दार तथा व्यवस्थापनका लागि महानगरको सहयोग र सहकार्यमा शसस्त्र प्रहरी बल नेपालको कालिका विपद व्यवस्थापन टिमलाई साधन स्रोत सम्पन्न र Dedicated बनाउनका लागि प्रस्तुत भएको प्रस्ताव स्वीकृत गर्ने र पत्रसाथ प्राप्त Disaster Multi Store Building को रु. ९५९७६४४/- (भ्याट सहित) लागत अनुमान स्वीकृत गरी आगामी आ.व.को बजेटमा समावेश गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. १०** : शिवम् कन्स्ट्रक्सन प्रा.लि. बाट बोलपत्र प्रक्रियामा सहभागी हुनका लागि जम्मा गर्नुपर्ने बिडबोण्ड बापतको रकम रु १,५०,०००।- महानगरको धरौटी खातामा जम्मा हुनुपर्नेमा राजश्व खातामा जम्मा भएको भनी रकम फिर्ता माग भएको हुँदा खरिद शाखाबाट उक्त रकम राजश्व खातामा जम्मा भए नभएको निश्चित गर्ने र ठेक्का सम्झौता भैसकेको भए सो रकम खर्च शिर्षक नं. २८२१९ मा रकमान्तर गरी रु १,५०,०००।- फिर्ता दिने निर्णय गरियो ।

**निर्णय नं. ११** : महानगरको क्षेत्राधिकार भित्र रहेका समस्याग्रस्त सहकारीहरुको रोक्का रहेको खातामा शेयर सदस्यबाट ऋण तिर्ने प्रयोजनार्थ रकम जम्मा गर्नका लागि मात्र खाता सञ्चालन गर्न सक्ने व्यवस्था मिलाउन सहकारी समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२** : महानगरको प्रमुख प्रशासकीय भवन निर्माण कार्यको प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतज्यूलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १३** : महानगरबाट पटक पटक आय ठेक्का बन्दोबस्त तथा लिलाम विक्रिको प्रक्रिया द्वारा नदीजन्य सामाग्री विक्रीको लागि प्रयास गर्दा समेत विक्री हुन नसकेको तथा मजदुरहरुबाट उत्खनन गरी घाटगद्दी गरेको सामाग्री विक्री हुन नसकेको भनी गुनासो समेत आउने गरेकाले तपसिल बमोजिम घाटहरुमा मजदुरहरुबाट घाटगद्दी भएको तपसिल बमोजिम परिमाणको नदीजन्य निर्माण महानगरको आर्थिक ऐन २०८० मा निर्धारित दरमा अमानतबाट विक्री गर्ने प्रक्रिया अगाडी बढाउने ।

<u>तपशिल</u>

| क्र.सं. | घाटको नाम | घाटगद्दी परिमाण | प्रति घनमिटर मूल्य | न्यूनतम कबोल अङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | तुलसीतारा घाट | ३५२० | ८२० | २८,८६,४००.०० | |
| २ | रुद्रमहादेव घाट | ५४९८ | ८२० | ४५,०८,३६०.०० | |
| ३ | गजरे घाट | ११९३९ | ८२० | ९७,८९,९८०.०० | |
| ४ | ढाव घाट | ५४५४ | ८२० | ४४,७२,२८०.०० | |

तपसिल बमोजिमका घाटहरुमा महानगरबाट पटक पटक आय ठेक्का बन्दोबस्त गर्दा समेत वोलपत्र प्रस्ताव पेश हुन नआएकोले चालु आ.व. का लागि ठेक्का बन्दोबस्ति प्रक्रिया बन्द गर्ने ।

| क्र.सं. | घाटको नाम | कैफियत |
|---|---|---|
| १ | रामघाट वडा नं. ९, १० र ११ | |
| २ | नारायणस्थान घाट वडा नं. ३ | |
| ३ | लामगादी घाट वडा नं. ३३ | |
| ४ | याम्दी घाट वडा नं. १ र २५ | |
| ५ | सुईखेतखोला घाट वडा नं.२५ | |
| ६ | पुरन्चौर नयाँघाट -वडा नं. २५ | |

**निर्णय नं. १४** : शिशुवा शिशाघाट सडक निर्माणको प्रक्रियामा रहेकोमा हाल कायम रहेको कालोपत्रे सडकको वीचभागबाट सेन्टरलाइन कायम हुने गरी मापदण्ड कायम गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. १५** : "घ" वर्गको निर्माण व्यवसायका लागि नयाँ ईजाजत पत्रको माग गरी पेश भएका निवेदनहरुका सम्बन्धमा "घ" वर्गको ईजाजतका लागि प्राप्त निवेदनहरु छानविन एवं जाँचबुझ गरी दर्ताका लागि सिफारिश

गर्न गठित समितिबाट सिफारिश भई आएका तपसिल बमोजिमको फर्म/कम्पनीलाई "घ" वर्गको ईजाजत पत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि. २०७५ को अनुसूची -५ बमोजिमका कागजातहरुका आधारमा **"घ"** वर्गको निर्माण व्यवसायी ईजाजतपत्र जारी गर्ने ।

**<u>तपसिल</u>**

क. ट्रष्ट ईन्फ्राकन प्रा.लि., पोखरा-१९

**निर्णय नं. १६** : नेपाल खानेपालनीं संस्थान हेम्जा शाखाको अनुरोधमा २५ नं. वडा कार्यालयको मिति २०८१/०१/१७ को पत्रबाट सिफारिश भएअनुसार साविक हेम्जा-६ कि.नं. २०६ सौदाचौका भन्ने क्षेत्रफल ०-३-०-३ को जग्गामा डिप ट्यूबवेल निर्माण गर्न २५ नं. वडा कार्यलयमा सिफारिश गरी पठाउने ।

**निर्णय नं. १७** : पोखरा महानगरपालिका वडा नं. ९ स्थित पुरानो पोखरा बसपार्क रहेकै स्थानमा आधुनिक, सुविधा सम्पन्न नयाँ बसपार्क निर्माणका लागि र महनगरको एकमात्र सभागृह भवन पुरानो र जिर्ण भएकोले पुन निर्माण तथा सवलिकरण गर्ने आयोजना अध्ययन अनुदानका लागि नगर बिकास कोषमा अनुरोध गरी पठाउने ।